का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ असार २०७९,
शुक्रबार
1 July 2022,
Friday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १४६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



शान्तिपूर्ण राजनीतिबाट भन्दा छिटो सशस्त्र युद्धबाट परिवर्तन सम्भव हुने विश्वासका साथ जनयुद्धमा होमिएका डा.बाबुराम भट्टराईले २०७२ साल फागुन ३ गते संविधान जारी हुँदा सम्म नेकपा माओवादीमा रहे । तर, माओवादी नेतृत्व प्रचण्डबाट पार नलाग्ने भन्दै नयाँ शक्ति बनाएर अगाडि बढेका उनी बिभिन्न दलसँग एकता गर्दै जसपा पुगे । जसपामा पनि विवाद हुँदा उनी अर्को संकटको सम्मुखमा पुगेका छन् ।

# बाबुरामको संकट

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ असार ।

नेकपा एकीकृत समाजवादीले सरकारमा रहेका मन्त्रीहरु हेरफेर गरेपछि जनता समाजवादी पार्टीमा पनि मन्त्री हेरफेरको विषय चर्को रुपमा उठेको छ । तर, यही विषयले पार्टीको विवाद चरम उत्कर्षमा पुगेको छ । पार्टी विवादको चरम उत्कर्षमा पुग्दै गर्दा डा.बाबुराम भट्टराईको राजनीति के होला भन्ने चासो बढेको छ । हाल जसपामा संघीय परिषद अध्यक्ष रहेका भट्टराई सक्दासम्म जसपाको बहुमत आफ्नो पक्षमा पार्ने प्रयासमा छन् ।

यसो गर्न सक्दा उनको राजनीतिक भविष्य सहज रुपमा अगाडि बढ्ने देखिन्छ । अन्यथा फेरि उनले नयाँ जोखिम लिनुपर्ने हुन सक्छ । बाबुराम पक्षधर नेताहरुको भनाईमा फेरि

– बाँकी पृष्ठ २ मा

## फुटको संघारमा जसपा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं , १६असार ।

सत्तारुढ दल जनता समाजवादी पार्टी फुटको संघारमा पुगेको छ । गत २०७६ साल बैशाखमा एक भएको जसपा पुन फुटको दिशामा जाने निश्चित भएको हो । संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई र केन्द्रीय कार्यकारिणी अध्यक्ष उपेन्द्र यादवले सहमतिमै आ-आफ्नो तरिकाले अघि बढ्न तयार भएपछि जसपा फुट्ने निश्चित भएको हो । अध्यक्षद्वयले बुधबार जसपा संसदीय दलको कार्यालय सिंहदरबारमा भेट गरेर एक ठाउँमा बसेर जान नसकिने निर्णय गरेका थिए ।

– बाँकी पृष्ठ २ मा

# बागमतीमा सरकार बदल्ने प्रयास

बागमती प्रदेशमा सरकार बदल्ने प्रयास भएको छ । यस्तो प्रयास हाल सरकार चलाइरहेको पाँच दलीय गठबन्धनभित्रैबाट भएको छ । गठबन्धनभित्रैबाट भएको सरकार बदल्ने प्रयासमा एमालेले भने साथ दिने भनेर थप उचाल्ने नीति लिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १६ असार ।



सँत्तारुढ पाँच दलयि गठबन्धनभित्रैबट बागमती प्रदेशमा सरकार बदल्ने प्रयास भएको छ । सत्तारुढ गठबन्धनको सहमतिमा मुख्यमन्त्री बनेका नेकपा एकीकृत समाजवादीका राजेन्द्र पाण्डेले सहमति कार्यान्वयन नगरेको भन्दै कांग्रेस र माओवादी केन्द्रले मुख्यमन्त्री परिवर्तनका लागि दबाव दिन बिहीबार सांसदहरुको हस्ताक्षर संकलन गरेका छन् । यसले मुख्यमन्त्री पाण्डेमाथि दबाब पुग्ने नेताहरु बताउँछन् ।

गठबन्धनभित्रैबाट भएको सरकार बदल्ने प्रयासमा एमालेले भने साथ दिने भनेर थप उचाल्ने नीति लिएको छ । एमालेले जसको सरकार बने पनि विश्वासको मत दिने भनी गठबन्धनका नेताहरुलाई सरकार बदल्न नेताहरुलाई प्रेरित गरिरहेको छ । तर, अब केही समयमै प्रदेश र संघीय चुनाव आउने भएकाले सरकारमै भने नजाने एमाले नेताहरु बताउँछन् ।

सत्ता गठबन्धनभित्र नेतृत्वको विषयमा विवाद चलिरहेको बेला एमालेले गठबन्धन फुटाउने रणनीतिका साथ जसको नेतृत्वमा सरकार बनाएपनि विश्वासको मत दिने भनेर नेताहरुलाई उक्साएको हाने ।

पूर्व सहमतिअनुसार मुख्यमन्त्री राजेन्द्र पाण्डेले सहज रुपमा सत्ता छाड्न नमानेपछि काँग्रेसले माओवादीसँग मिलेर हस्ताक्षर संकलन थालेको हो । मुख्यमन्त्रीका दाबेदार नेपाली काँग्रेसका इन्द्र बानियाँले केही दिनभित्रै सरकारको नेतृत्व परिवर्तन हुने दाबी गर्दै हिडिरहेका छन् । बानियाँले पत्रकारहरुसँगको कुराकानीमा सरकारको नेतृत्व परिवर्तनअघि आवश्यक प्रक्रिया मिलाउनुपर्ने भएकाले हस्ताक्षर संकलन गरिएको बताए ।

'प्रक्रियागत विषय मिलाउन हस्ताक्षर संकलन गरिएको हो । संकलित हस्ताक्षर प्रदेश प्रमुखलाई बुझाएपछि सरकार नेतृत्व परिवर्तन हुन्छ' बानियाँले पत्रकारहरुसँग भनेका छन् ।

नेताहरुका अनुसार काँग्रेसका २२ र माओवादी केन्द्रका २३ सांसदको हस्ताक्षर संकलन भइसकेको छ । बागमतीमा बहुमतको सरकार बन्नका लागि भने ५४ सांसद चाहिन्छ ।

तर, मुख्यमन्त्री राजेन्द्र पाण्डेले प्रदेश सरकार परिवर्तनसँग जोडेर आएका प्रश्नहरुको निरुपण पाँच दलीय गठबन्धनको बैठकबाट हुने बताउँदै आएका छन् ।

सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै मुख्यमन्त्री पाण्डेले गठबन्धनको मूल स्पिरिट कायम रहने गरी आगामी कदम तय हुने बताएका छन् । 'बागमती प्रदेशमा सरकार परिवर्तनसँग

– बाँकी पृष्ठ २ मा

# बामदेवको छटपटी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असार ।

कम्युनिस्ट आन्दोलन एकताबद्ध बनाउने उद्देश्यले नयाँ पार्टी घोषणा गरेका बामदेव गौतमको छटपटी बढेको छ । उनी कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुलाई भेटेर सके सबै कम्युनिस्टहरुसँग एकता नसके आफ्नो पार्टीसँगको एकताको पहल गरिरहेका छन् ।

नेपालका कम्युनिस्ट पार्टीहरु छरिएर रहन नहुने मान्यता राख्दै आएका बामदेव गौतमले बुधबार नयाँ पार्टी नै घोषणा गरे । पार्टी घोषणा गरेपछि उनको छटपटी निकै बढेको छ । उनी कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुलाई भेटेर सके सबै कम्युनिस्टहरुसँग एकता नसके आफ्नो पार्टीसँगको एकताको पहल गरिरहेका छन् ।

बामदेव गौतमले बिहीबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरे । ओलीलाई भेट्न गौतम बिहीबार बिहान बालकोटस्थित ओली निवास गएका थिए । भेटमा गौत्तमले ठूलो पार्टीको हैसियतमा एमालेले कम्युनिस्टहरुबीच एकताको अभियान सुरु गर्नुपर्ने मत राखे ।

नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियानका प्रचार विभाग प्रमुख निमकान्त पाण्डेका अनुसार सकेसम्म वाम एकीकरण, एकीकरण नभए चुनावी मोर्चा निर्माण गर्ने प्रयास अन्तर्गत गौतमले ओलीलाई भेटेका हुन् ।

– बाँकी पृष्ठ २ मा



# व्यवसायीहरुसँग सहकार्य गरेरै समाधान खोजिने छ : श्रममन्त्री कुँवर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार



नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग सहकार्य गरी वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको समाधान खोज्ने बताएका छन् ।

नवनियुक्त मन्त्री कुँवरलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न संघको नेतृत्वमा गएका वैदेशिक रोजगार व्यवसायीहरूलाई बिहीबार मन्त्रालयमा सम्बोधन गर्दै मन्त्री कुँवरले उक्त कुरा बताएका हुन् । यसअघि मन्त्रालयमा नयाँ मन्त्री नियुक्त भएपछि एक्लाएक्लै पुगेर बधाई तथा कार्यकाल सफलताको शुभकामना दिने गरेका व्यवसायीहरूले अहिले भने संघको नेतृत्वमा एकमुष्ट बधाई दिएका हुन् ।

संघका तर्फबाट संयोजक विमलप्रसाद ढकालले वैदेशिक रोजगारका क्षेत्रमा समाधान हुन नसकेका समस्या राखेपछि मन्त्री कुँवरले मन्त्रालयको टिम र व्यवसायीसँग सहकार्य गरेर अघि बढ्ने बताए । आन्तरिक रोजगारी र वैदेशिक रोजगारी दुबै क्षेत्रमा रहेका समस्याको समाधान खोज्नुपर्ने अवस्था रहेकोले गम्भीरताका साथ गृहकार्य गर्ने भन्दै मन्त्री कुँवरले पार्टीले फिर्ता बोलाएको दिन फिर्ता हुनुपर्ने भएकाले गर्नुपर्ने काम तदारुकताका साथ अघि बढाउने बताए ।

शुभकामनाका लागि संघ संयोजक ढकालको नेतृत्वमा गएको टोलीमा संघ तदर्थ समितिका सदस्य दिलप्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, रघुनाथ पुरी र वाइबी राई, नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल र चिरञ्जीवी बस्याल, नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी र महासचिव जनक रावल, नेकपा एकीकृत

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## म्यानपावर कम्पनी नवीकरण अनलाइनमार्फत

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण अनलाइनमार्फत गर्ने भएको छ । गत जेठ मसान्तमा आगामी आर्थिक वर्षका लागि नवीकरणको सूचना सार्वजनिक गरेको विभागले बिहीबार नवीकरण अनलाइनमार्फत गरिने बताएको हो ।

विभागले इजाजतपत्र नवीरकरण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीलाई वैदेशिक रोजगार ऐन तथा नियमावलीले अनिवार्य गरेका कागजातसहित अनलाइनमार्फत निवेदन

– बाँकी पृष्ठ २ मा


## कुवेतमा रोजगारको अवसर

कम्पनी: CHEYA BEAUTY SALON FOR LADIES CO. शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७८/१२/२३ चलानी नं.: ६०१७७३४७ L.T. No.: 261260 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 3 | सम्बन्धित काममा दक्ष | 100 | ४१,०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Asst. Technician | 0 | 6 | | 135 | ५५,४४६ | | | | | | | |
| 3. | Nail Technician | 0 | 6 | | 140 | ५७,४९९ | | | | | | | |
| 4. | Receptionist | 0 | 2 | | 130 | ५३,३९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ असार २४ गते (8 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

स्विकृती प्रदान भई भिषा आएको ३ हप्तामा उडिसक्नु पर्नेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890 Email: destinykuwait3@gmail.com
Mob: 9847932530,9843196615, 9851147445, 9806239807, 9869556151, 9840973280, 9851163776

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ असार २०७९, शुक्रबार
1 July 2022, Friday

# आयोगद्वारा स्थानीय निर्वाचनको समीक्षा




**काठमाडौं/मस–** निर्वाचन आयोगले गत वैशाख ३० गते भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रदेशस्तरीय तथा केन्द्रीयस्तरको निर्वाचन समीक्षा कार्यशाला सम्पन्न गरेको छ ।

स्थानीय तह निर्वाचनमा भए गरेका असल अभ्यासको निरन्तरता, समस्याको पहिचान एवं सोको निराकरणका लागि सुझावको संकलन गरी आगामी निर्वाचनमा सुधार ल्याउने उद्देश्यले आयोगले यही असार ५ गतेदेखि विभिन्न मितिमा प्रदेशस्तरीय र बिहीबार काठमाडौंमा केन्द्रीय निर्वाचन समीक्षा कार्यशाला आयोजना गरेको हो ।

केन्द्रीय निर्वाचन समीक्षा कार्यशालाको उद्घाटन गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौजुदा निर्वाचन नीति एवं कानुनी संरचनामा भएका राम्रा अभ्यास, मतदाता नामावली दर्तादेखि निर्वाचन परिणामसम्म निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा देखिएका समस्या तथा आगामी दिनका लागि सुधारको मार्गचित्र के के हुन सक्छन् भन्ने सम्बन्धमा वस्तुगत सुझाव प्राप्त हुने विश्वास व्यक्त गरेका थिए ।

पाँच विभिन्न समूहबाट तयार पारी समूहगत प्रस्तुति पश्चात कार्यशालाको समापन गर्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले कार्यशालाबाट प्राप्तमध्ये आयोगबाट गर्न सकिने अधिकांश सुझावलाई अब आउने संघीय संसद् र प्रदेशसभाको निर्वाचनमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे । आयोगले निर्वाचन आयोगसम्बन्धी विधेयक एवं निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार गर्न लागेको बताउँदै उनले कार्यशालाबाट आएका सुझावलाई यी विधेयकमा समेटेर लैजाने बताए ।

केन्द्रीय निर्वाचन समीक्षा कार्यशाला आयोजना गर्नुपूर्व आयोगका आयुक्तको उपस्थितिमा सम्पन्न प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्याशालामा आयोगको प्रस्तुति एवं सहभागीलाई विभिन्न पाँच समूहमा विभाजन गरी छुट्टाछुट्टै निर्वाचनका विषयमा समूहगत छलफल गराई निर्वाचनका असल अभ्यास, समस्याको पहिचान एवं सुधारका लागि सुझावहरू प्रदेशगत रूपमा आयोगलाई प्राप्त भएका छन् ।

कार्यशालामा आयोगका आयुक्तहरू, सचिव, सहसचिव, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, आयोगले खटाएका अनुगमन टोली संयोजक, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, पर्यवेक्षण संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, आमसञ्चारकर्मी, आयोगका कर्मचारी एवं कार्यशाला सम्बद्ध सरोकारवालातको सहभागिता रहेको थियो ।

# त्रिभुवन विमानस्थलबाट थप दुई अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गर्दै



**काठमाडौं/मस–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) भएर थप दुई अन्तर्राष्ट्रिय एयरलाइन्सले नियमित उडान गर्ने भएका छन् । थाइल्याण्डको थाई स्माइल एयरवेजले असार १७ गते (जुलाई १) र श्रीलङ्काको श्रीलङ्कन एयरलाईन्सले आगामी असार २२ (जुलाई ६) देखि उडान गर्ने तयारी गरेको विमानस्थल कार्यालयले जनाएको छ । थाई स्माइलले काठमाडौं विमानस्थलबाट पहिलो पटक नियमित उडान शुरु गर्न लागेको हो, भने श्रीलङ्कन एयरलाइन्सले कोभिड-१९ महामारीका समय स्थगन गरेको उडान पुनः सञ्चालन गर्न लागेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार थाई स्माइलले शुक्रबारदेखि काठमाडौं-बैंकक सिधा उडान सुरु गर्न लागेको छ । कम्पनीले आवश्यक सबै प्रक्रिया पुऱ्याएर हप्ताको सातै दिन उडान भर्ने अनुमति पाएको प्राधिकरणले जनाएको छ । नेपालका लागि थाई स्माइलको आधिकारिक जिएसए सोसाइटी इन्टरनेशनल ट्राभल रहेको छ ।

थाइल्याण्डको बैंकक मुख्यालय रहेको क्षेत्रीय वायुसेवा कम्पनी थाई स्माइल थाई एयरवेजको भगिनी संस्था हो । थाई स्माइलले सन् २०१२ जुलाईबाट व्यावसायिक उडान सुरू गरेको थियो । कम्पनीले थाइल्याण्डका १२ गन्तव्यसहित कम्बोडिया, चीन, हङकङ, ताइवान, लाओस, मलेसिया, म्यानमार, भारत र भियतनामका २० गन्तव्यमा उडान गरिरहेको छ ।

## श्रीलंकन एयरलाइन्सले उडान थप्यो

श्रीलङ्कन एयरलाइन्सले सातामा सातवटै नियमित उडान गर्ने गरी अनुमति पाएको नेपालका लागि आधिकारिक जिएसए जेनिथ ट्राभल्सले जनाएको छ । यसअघि हप्ताको चार उडान भर्दै आएको एयरलाइन्सले अब दैनिक उडान गर्न लागेको हो । एयरलाइन्सले हाल आइतबार, सोमबार, मङ्गलबार र बिहीबार गरी नियमित चारवटा उडान गर्दै आइरहेको छ । एयरलाइन्सले अमेरिका, अष्ट्रेलिया, लण्डन, जापान, कोरिया, थाइल्याण्डलगायत खाडीका गन्तव्यमा कोलम्बो ट्रान्जिट बनाएर सातामा सात उडान गर्ने अनुमति पाएको हो ।

कम्पनीले अमेरिका, अष्ट्रेलिया, लण्डन, जापान, कोरिया, थाइल्याण्डलगायत गन्तव्यमा नियमित उडान गर्दै आएको छ । प्राधिकरणका अनुसार हाल टिआइए भएर दुई नेपालीसहित २४ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् । यीमध्ये नेपालसहित १९ देशका २४ एयरलाइन्सले सम्बन्धित मुलुकमा सिधा हवाई उडान गरिरहेका हुन् । टिआइएमा कोभिड महामारीपूर्व नेपालका तीनसहित ३० देशका एयरलाइन्सले उडान गर्दै आएका थिए ।

कोभिडपछि अन्तर्राष्ट्रियतर्फ अहिले दैनिक सरदर ७० उडान भइरहेको छ । यो विमानस्थलमा आन्तरिकतर्फ हाल ११ हेलिकोप्टर कम्पनीसहित २० वटा वायुसेवा प्रदायकले उडान सञ्चालन गर्दै आएका छन् । नेपालले हाल ४० मुलुकसँग हवाई सेवा सम्झौता गरिसकेको छ । पछिल्लो पटक सन् २०१९ मा अष्ट्रेलियासँग हवाई सेवा सम्झौता भएको थियो ।

## बाबुरामको...

नयाँ पार्टी गठन गरेर अगाडि जानेतिर डा. भट्टराईले सोच्नुपर्ने हुन्छ । त्यसका लागि समेत तयार भएर डा. भट्टराईले जसपामा आफ्नो भूमिका खोजेका छन् ।

शन्तिपूर्ण राजनीतिबाट भन्दा छिटो सशस्त्र युद्धबाट परिवर्तन सम्भव हुने विश्वासका साथ २०५२ सालबाट जनयुद्ध शुरु गर्दै सशस्त्र युद्धमा होमिएका डा.बाबुराभ भट्टराई शान्ति प्रक्रियापछि आफैं प्रधानमन्त्री भएर देशको कार्यकारी प्रमुखको जिम्मेवारी निर्वाह गरे । तर, उनैले नेतृत्व गरेको सरकारले संविधान घोषणा गर्न नसकेको अपजस लिनुपऱ्यो । दोस्रो संविधान सभाबाट २०७२ साल फागुन ३ गते संविधान जारी हुँदा सम्म नेकपा माओवादीमा रहे डा. भट्टराई ।

संविधान जारी भएपछि माओवादी नेतृत्व प्रचण्डबाट पार नलाग्ने भन्दै माओवादी पार्टीसँगै कम्युनिस्ट विचार नै त्यागेको घोषणा गरे । माओवादी छाडेको करिब एक बगर्ष पछि २०७३ साल जेठ ३० गते 'नयाँ शक्ति' पार्टीको को घोषणा गरे । तर, नयाँ शक्ति पार्टीले २०७४ सालको चुनावमा अपेक्षित परिणाम ल्याउन सकेन । आफूले सोचे जस्तो पार्टी र चुनावी नतिजा नआएपछि डा. भट्टराईले २०७६ साल वैशाख २३ गते संघीय समाजवादी फोरमसँग एकता गरेर समाजवादी पार्टी बनाए । पार्टीको केन्द्रीय अध्यक्षमा उपेन्द्र यादवलाई राखेर आफू दोस्रो तहको नेतृत्व संघीय परिषद अध्यक्ष बस्न तयार भए ।

समाजवादी पार्टी बनाएको एक वर्षमै २०७७ वैशाख १० गते सबै मधेस केन्द्रित दल एक ठाउँमा हुने गरी जनता समाजवादी पार्टी(जसपा) निर्माण भयो । तर त्यो एकता पनि लामो समय टिक्न सकेन । अहिले यो दलबाट पूर्व राजपा छुट्टिएर लोकतान्त्रिक समाजवादी फोरम बनाइसकेको छ । जसपामा बाबुराम नै संघीय परिषद् अध्यक्षकै हैसियतमा छन् ।

तर, केन्द्रीय अध्यक्ष उपेन्द्र यादव एकलौटी रुपमा अगाडि बढेकोले समस्यामा छन् डा. भट्टराई । राष्ट्रिय सभाको चुनाव र स्थानीय तहको चुनावमा यादवले एकलौटी रुपमा उम्मेदवारहरु तय गरेको भन्दै डा. भट्टराई पक्ष असन्तुष्ट छ । नेताहरुका अनुसार असन्तुष्टि पार्टी फुटसम्म जान सक्छ । पार्टी फुटाउनु पर्दा डा.भट्टराईले फेरि नयाँ पार्टी गठन गरेर जानुपर्ने अवस्था आउन सक्छ । किनभने जसपामा डा.भट्टराईसँग देखिनेगरी बहुमत छैन् । तर, उनको प्रयत्न जसपामा बहुमत पुऱ्याउने वा उपेन्द्र यादवलाई साइजमा राखेर आफ्नो राजनीतिक भविष्यलाई सहज बनाइराख्ने प्रयास डा. भट्टराईको देखिन्छ ।

आफु राजनीतिक रुपमा संकटमा पर्न सक्ने आंकलन गरेर नै डा. भट्टराईले प्रचण्डसँग भेटेका छन् । प्रचण्डबाट पार नलाग्ने भनी पार्टी छोडेर हिडेपछि उनले प्रचण्डसँग पार्टी एकताकै विषयमा केन्द्रीत रहेर छलफल गरेका थिएनन् । तर, बिहीबारको भेटमा डा.भट्टराईले कम्युनिस्ट समेत मिलेर समाजवादी पार्टी बनाउन सकिने प्रस्ताव राखेको नेताहरु बताउँछन् । डा.भट्टराईको यस्तो प्रस्तावले पनि उनी संकटमा छन् भन्ने देखाउँदछ ।

## फुटको ...

'उहाँहरू सौहार्दपूर्ण वातावरणमा छुट्टिन तयार हुनुभयो भन्ने सुनेको हो । अरू कुरा थाहा छैन,' जसपाका सांसद अमृता अग्रहरीले बताइन् । दुई अध्यक्षहरु सहमतिमै विभाजित हुन लागेको उनको भनाई छ । वैकल्पिक शक्ति बन्ने ध्येयका साथ पार्टी एकता भए पनि त्यसलाई संगठनात्मक स्वरुप दिन नसकेकाले सहमतिमा विभाजित हुनुपर्ने पार्टीको नाम र चुनाव चिन्ह भने उपेन्द्र पक्षसँगै हुने भएको छ । भट्टराई पक्षधरको बहुमत पुग्ने सम्भावना कम भएकाले नयाँ पार्टी बनाउनुपर्ने देखिएको हो ।

जसपाको ३४ सदस्यीय कार्यकारिणी समितिमा बाबुरामको पक्षमा बहुमत पुग्ने सम्भावना देखिदैंन । यद्यपि, महिन्द्र राय यादव, राजकिशोर यादव, गोविन्द चौधरी, अमृता अग्रहरी, रामनरेश राय यादव, हिसिला यमी, हेमराज राई, गंगा श्रेष्ठ, डम्बर खतिवडा, प्रशान्त सिंह, दुर्गा सोब, भक्तबहादुर साह बाबुरामतिर जाने जसपाका केही नेताको विश्लेषण छ । तर, बाबुरामको पक्षमा रहेका नवलकिशोर साह, गजाधर रोहिता यादव र मोहम्मद इस्तियाक राईले उनको साथ पहिला नै छोडिसकेका छन् ।

'सायद छिट्टै केन्द्रीय सदस्यहरुको भेला बोलाइन्छ होला । नेताहरु छलफल गर्दै हुनुहुन्छ' भट्टराई निकटका एक केन्द्रीय सदस्यले भने । पार्टीका सबै निर्णयमा यादवले एकलौटी गरेको भन्दै जसपामा उपेन्द्र र बाबुराम पक्षबीच विवाद चर्किंदै गएको थियो।

ततपश्चात् पार्टीको विधानअनुसार अर्को अध्यक्ष चयन गर्न बावुरामले माग गरेका थिए । तर, त्यसमा यादव सहमत नभएपछि भट्टराई विभाजनकै पक्षमा उभिएका हुन् । गत २०७६ वैशाखमा यादवले नेतृत्व गरेको संघीय समाजवादी फोरम र भट्टराईको नयाँ शक्ति पार्टीबीच एकता भएर संघीय समाजवादी पार्टी गठन भएको थियो । पुन त्यसपछि संघीय समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीबीच २०७७ वैशाखमा एकता भएर जसपा गठन भएको थियो ।

'बाबुरामजीले सौहर्दपूर्ण वातावरणमा जसपाबाट अलग हुन चाहनु भएको छ, यो कुरा उहाँले उपेन्द्र यादवजीसँग पनि राखि सक्नु भएको छ', उनले भने, 'उपेन्द्र यादवले पनि हुन्छ भनिसक्नु भएको छ, सायद बाबुरामजी त्यसको तयारीमा लाग्नु भएको छ जसपाका कार्यकारिणी सदस्य गज्जाधर यादवले जानकारी दिए ।' नेताहरु सौहार्दपूर्ण वातावरणमै जसपाबाट अलग हुने उनको भनाई छ ।

तर, गत भदौमा जसपा विभाजन भएर महन्थ ठाकुर, राजेन्द्र महतो लगायतले लोकतान्त्रिक समाजवादी पार्टी गठन गरेपछि यादव र भट्टराईले पार्टी सञ्चालन गर्दै आईरहेका थिए । तर, उनीहरुबीच पनि खटपट बढ्दैं जाँदा जसपा पनि विभाजन हुने स्थिती देखापरेको हो । जसपामा अहिले २१ जना प्रतिनिधि सभा सदस्य रहेका छन् ।

## बागमतीमा...

जोडेर आएका प्रश्नहरुको निरुपण पाँच दलीय गठबन्धनको केन्द्रिय बैठकबाट हुनेछ। गठबन्धनको मूल स्पिरिट कायम रहने गरी आगामी कदम तय हुनेछन्' उनले लेखेका छन् ।

## बामदेवको ...

गौतमले ओलीपछि अन्य नेताहरुसँग पनि भेटवार्ता गरेका छन् । प्रचण्डसँग पनि भेटेर गौत्तमले कम्युनिस्टहरुबीच एकता गर्नुको विकल्प नरहेको बताए । नेताहरुका अनुसार, कम्युनिस्ट एकताका लागि सबैले लचकता अपाउनुपर्ने प्रस्ताव गौत्तमले प्रचण्डसामु राखेका छन् ।

गौत्तमले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायतसँग पनि भेट्ने तय भएको छ । निरन्तर कम्युनिस्ट एकताका लागि अभियान चलाउँदै आएका गौत्तमको पार्टी नै घोषणा गरेपछि छटपटी बढेको हो । गौतमले आफ्नै नेतृत्वमा १४ असारमा मात्रै नेकपा एकता राष्ट्रिय अभियान घोषणा गरेका छन् । बीडी कार्कीलाई सचिव राखेर गौतमले घोषणा गरेको ७५ सदस्यीय केन्द्रीय कमिटी रहेको एकता अभियानले तीन महिनासम्म एकताको प्रयत्न गर्ने जनाएको छ ।

एकता नभए चुनावी तालमेल गर्नुपर्ने गौतमको तर्क छ । यदि तालमेल समेत नभए कम्युनिष्ट आन्दोलन सकिने उनले बताउँदै आएका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फेरि ब्युताउन २ जेठ २०७५ को सहमति संशोधन गर्न सकिने गौतमको सुझाव छ ।

त्यसबेला दुई अध्यक्षको व्यवस्था भएपनि अब एकल अध्यक्ष राखिनुपर्ने गौतमको प्रस्ताव गरेका छन् । अर्का सहअध्यक्ष र कार्यकारी महासचिवको व्यवस्था गर्न सकिने पनि उनको भनाइ छ । गौतम नेकपा विभाजन हुँदै कतैपनि लागेका थिएनन् । तर त्यसबेलाको नेकपा अहिले एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी बनेका छन् ।

## व्यवसायीहरूसँग...

समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका अध्यक्ष सन्तकुमार लामा र महासचिव मधुकर रिजाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिमडोङ र नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं वैदेशिक रोजगार इन्चार्ज लक्ष्मण पन्त, संघीय समाजवादी पार्टी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेन र महासचिव हृदय नारायण दासलगायतका व्यवसायी सहभागी थिए ।

संयोजक ढकालले सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा तत्काल बाधा अड्काउ फुकाउ आदेश जारी हुनुपर्ने आम व्यवसायीको माग रहेको भन्दै नवनियुक्त मन्त्री कुँवरको ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री कुँवरले ऐनमा नै संख्या तोकेर वैदेशिक रोजगारमा कामदार पठाउनुपर्ने व्यवस्था मुर्खतापूर्ण भन्दै त्यस विषयमा मन्त्री नियुक्त हुनुअगावै जानकार रहेकाले समस्याको समाधानका लागि तदारुकताका साथ पहल गर्ने आश्वासन दिएको भेटमा सहभागी मञ्चका महासचिव डिमदोङले बताए ।

मन्त्री कुँवरले सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा निर्णय गरी रायका लागि बिहीबार कानून मन्त्रालय पठाएको भनिएको उक्त निर्णय शुक्रबार मात्रै पठाएको संयोजक ढकालले बताए । 'बिहीबार पनि मन्त्रालयले कानून मन्त्रालयमा राय मागेको तर उक्त राय संख्या सयको विषयमा नभई वैदेशिक रोजगार ऐन संशोधनका लागि भएको पाइयो, तर त्यो भन्दा अर्जेन्ट संख्या सय सम्बन्धी हो भनेर मन्त्रीको ध्यानाकर्षण गराएका छौं,' संयोजक ढकालले भने ।

कानून मन्त्रालयले केही नेपाल ऐन संशोधन गर्ने विधेयक वर्षे अधिवेशनमा पेश गर्ने तयारी गरेको छ । त्यसमा वैदेशिक रोजगार ऐनका केही प्रावधान पनि समेटिएको बताइएको छ ।

## म्यानपावर...

दिन आग्रह गरेको हो । विभागले इजाजतपत्र नवीरकण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीहरुलाई निवेदनका साथमा नवीकरण दस्तुर बुझाएको भर्पाई, इजाजतपत्रको अगाडि पछाडिको, कम्पनी दर्ताको प्रमाणपत्र आयकर दर्ताको प्रतिलिपि, गत आर्थिक वर्षको कम्पनी अध्यावधिक, गत वर्षको कर बुझाएको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने बताएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा पूर्व श्रम स्वीकृति लिएको संख्या, अन्तिम श्रम स्वीकृति लिएको संख्या, पठाएका कामदारको संख्या, आर्थिक वर्ष २०७८/०७९ मा कम्तीमा एक सय जना कामदार पठाएको विवरण, आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन, कम्तीमा एक वर्ष अवधि बाँकी रहेको बैंक ग्यारेन्टी पत्र लगायतका कागजपत्र पेश गरिएको कागज ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरी असार मसान्तसम्म अनलाइनमार्फत पेश गर्न सूचनामा उल्लेख छ ।

विभागको सूचना अनुसार नवीकरण भइसकेका कम्पनीको पनि अनलाइन पठाउनुपर्ने देखिएको छ । विभागले वैदेशिक रोजगार अभिमुखीकरण संस्थाहरूको पनि अनलाइनमार्फत नवीकरण गर्ने बताएको छ ।

# 'चलचित्र क्षेत्रलाई विशिष्ट उद्योगको रुपमा विकास गर्नुपर्छ'

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाली चलचित्र क्षेत्रलाई विशिष्ट उद्योगको रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । चलचित्र विकास बोर्डको २२ औं वार्षिकोत्सवको अवसरमा आज आयोजित कार्यक्रममा सरकारका प्रवक्ता कार्कीले चलचित्र क्षेत्रलाई विशिष्ट उद्योगको रुपमा विकास गर्ने उद्देश्यअनुरुप मन्त्रालयले त्यससँग सम्बन्धित ऐन/कानून, आर्थिकलगायत संरचना तयार गरिरहेको बताए ।

नेपाली चलचित्र क्षेत्रमा चलचित्रकर्मीले गरेको योगदानको कदर गर्दै चलचित्रकर्मीको सेवा सुविधामा वृद्धि गरी सो क्षेत्रलाई सबैको आकर्षक र अवसरको क्षेत्रको रुपमा विकास गर्ने मन्त्री कार्कीको भनाइ थियो । उनले भने, 'चलचित्र क्षेत्रमा पछिल्लो समयमा विकसित प्रविधिको प्रयोगसँगै ७७ वटै जिल्लामा चलचित्र छायाङ्कनस्थल निर्माण गर्ने तयारी भइरहेको छ, यो कार्यले छिट्टै पूर्णता पाउने छ ।' चलचित्र क्षेत्रले आर्थिक, सामाजिक र सांस्कृतिक विकाससँगै समृद्ध मुलुक निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने मन्त्री कार्कीको भनाइ थियो । उनले अबको पुस्तालाई दक्षिण एसियाकै धनी पुस्ताको रुपमा अगाडि बढाउने गरी मुलुकको आर्थिक विकास गर्नुपर्नेमा जोड दिए ।

सञ्चार मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले नेपाली चलचित्रको अन्तर्राष्ट्रिय रुपमा प्रचारप्रसार गर्ने उद्देश्य अनुरुप विदेशी चलचित्र घरमा प्रदर्शन गर्ने सम्बन्धमा छलफल भइरहेको जानकारी दिए । उनले पर्याप्त अध्ययन गरेर समय सुहाउँदो दर्शकको चाहाना अनुरुपको गुणस्तरीय चलचित्र निर्माणमा ध्यान दिन अपिल गरे । बोर्डका सदस्य सचिव टङ्क महतले बोर्डकै पहलमा कक्षा ११ र १२ को पाठ्यक्रममा चलचित्रबारे समावेश गरी अहिले अध्ययन भइरहेको जानकारी दिए ।

कार्यक्रममा 'उत्कृष्ट कर्मचारी सम्मान-२०७७' कार्यलय सहयोगी हरिबहादुर केशी र सहायक खरिदार सिर्जना रायमाझीलाई प्रदान गरिएको थियो । पुरस्कारको राशि क्रमशः १५ र २५ हजार रुपैयाँ रहेको छ । त्यसैगरी २०७८ सालको उत्कृष्ट कर्मचारी पुरस्कार सहायक खरिदारद्वय रेणुमाया लामा र रञ्जन अधिकारीलाई प्रदान गरिएको थियो । पुरस्कारको राशि १५ र २५ हजार रुपैयाँ रहेको छ । बोर्डले भुवन केसी, डा भोला रिजाल, सानुकुमार ताम्राकार, राजाराम पौडेल, शिव ढकाल र किरणकुमार केसीलगायत ६२ जना चलचित्रकर्मीलाई विशिष्ट चलचित्र परिचयपत्र प्रदान गरेको छ ।

# आज बसुन्धारास्थित सुन्दर प्रि–स्कुलको उद्घाटन

**काठमाडौं/मस-** काठमाडौंको बसुन्धारामा अवस्थित सुन्दर प्रि-स्कुलको उद्घाटन असार १७ गते शुक्रबार हुने भएको छ । शुक्रबारदेखि स-साना बालबालिकाहरुका लागि विभिन्न कक्षाहरुमा भर्ना तथा दर्ता औपचारिकरुपमा खुला गरिने प्रि-स्कुलले जानकारी दिएको छ ।

शिक्षा क्षेत्रमा करिब तीन दशकको अनुभव पश्चात अनुभवी शिक्षकशिक्षिका तथा शिक्षप्रेमीहरुको प्रेरणाले डा. श्याम सुन्दर चौधरीले यस प्रि-स्कुलको स्थापना गरेका हुन् ।

डा. होवार्ड गार्डनरको दर्शनबाट प्रभावित हुँदै उनी भन्छन्, 'प्रत्येक बालबालिकाका आ-आफ्नै विशेषताहरु हुन्छन् । तसर्थ सबैलाई सिकाउने वा पढाउने शैली तथा तरिका एउटै हुनु वैज्ञानिक हुँदैन । प्रत्येक बालबालिकाभित्र अन्तरनिहित क्षमता तथा इच्छालाई पहिचान गर्नुपर्छ र त्यसै आधारमा उनीहरुलाई एकदम रमाइलो गराउँदै सिकाउने वा पढाउने वातावरण दिन सक्नुपर्छ, अनिमात्र उनीहरुको उचित समग्र विकास हुन्छ ।' सम्भवतः सो आसपास क्षेत्रकै उत्कृष्ट प्रि-स्कुल रहेको दाबी गर्दै डा. चौधरी भन्छन्, 'यस विद्यालय/प्रि-स्कुलका प्रत्येक अभिभावकहरु पनि आफूलाई सन्तुष्ट पाउनु हुनेछ, गौरवान्वित हुनुहुनेछ । सबैलाई यस प्रि-स्कुलको उद्घाटन समारोहमा हार्दिक निमन्त्रण गर्न चाहन्छु ।'

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०७९ असार २० गते भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार २० गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

# २० मेघावाट विद्युत् आयोजनाको सम्भाव्यता अध्ययन

**हेमन्त केसी/मध्यान्ह**
सुर्खेत, १६ असार




कर्णाली प्रदेश जलस्रोत तथा उर्जा विकास मन्त्रालयले २० मेगावाटसम्मका विद्युत् आयोजनाहरु निर्माणका लागि अध्ययन गर्ने भएको छ। २० मेगावाटसम्मका विद्युत् आयोजनाहरु अध्ययन गर्नुका साथै सम्भावित आयोजनाहरुको स्क्रीनिंग रैंकिंग गरी निर्माण प्रक्रियामा अगाडि बढाउन लागेको जलस्रोत तथा उर्जा विकास मन्त्री गणेशप्रसाद सिंहले बताए। त्यस्तै निर्माण चरणमा रहेका जलविद्युत् आयोजनामा शेर लगानी गर्ने कामसमेत शुरु भएको मन्त्री सिंहले बताए।

कर्णाली प्रदेश स्वाच्छ, सफा पानीको स्रोत भएको क्षेत्रमा रुपमा रहेको छ। भेरी, तिला, जेवा, नलगाड, कर्णाली लगायतका दर्जन बढी साना खोलाहरु रहेको कर्णालीमा विद्युत् उत्पादनका लागि ठाउँ, ठाउँमा अध्ययन चलिरहेको उनको भनाइ छ। मन्त्रालयले पहिलो चरणमा डोल्पामा रहेको १०६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजनामा शेर लगानीको काम शुरु गरेको छ। त्यस्तै दैलेखको रारा जलविद्युत् आयोजना शेर लगानी गर्न लागिएको छ।

त्यस्तै तिला र जेवा नदीमा जलविद्युत् आयोजनासमेत लगानी गर्न लागेको मन्त्रालयका योजना महाशाखाका प्रमुख गोपाल शर्माले बताए। जाजरकोटको ताक्सुगाड जलविद्युत आयोजना निर्माण गर्नका लागि बजेट विनियोजन गरिएको छ। नलगाड जलविद्युत् आयोजनासँग ताक्सुगाड जलविद्युत् आयोजना कर्णाली प्रदेश सरकारले बनाउनका लागि माग गरिएको मन्त्री सिंहले जानकारी दिए।

७ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको ताक्सुगाड जाजरकोट नलगाड नगरपालिका १० मा पर्दछ। विद्युत् विकास ऐन निर्माण गरी मन्त्रिपरिषद्मा पेश गर्न लागिएको छ। विद्युत् विकास ऐनमा समेत २० मेगावाटसम्मका जलविद्युत् आयोजनाहरु प्रदेशले बनाउने भन्ने उल्लेख रहेको छ। नेपालको संविधानमा समेत यो व्यवस्था रहेको छ। स्वदेशी लगानीमा निर्माण हुन लागेको जगदुल्लामा शेर लगानी गरी छिटो परिणाम निकाल्ने काम गर्नका लागि जलस्रोत तथा उर्जा विकास मन्त्रालय तिव्र रुपमा लागेको मन्त्री सिंहको भनाइ छ।

आयोजना स्थलमा सडक लिनका लागि भएको बाधा व्यवधानलाई हटाउन मंगलबार तीन वटा मन्त्रालयबीच छलफलसमेत भएको थियो। उक्त छलफलले त्रिवणीबाट आयोजना निर्माण स्थलसम्म जानका लागि बाटोमा लागेको चट्टान फोर्न आवश्यक पर्ने सबै खालका समस्याहरु हल गर्ने सहमति भएको छ। त्यस्तै प्रदेश भित्र रहेका १० जिल्लामा विद्युत् उत्पादन कहाँ कहाँबाट गर्न सकिन्छ भनेर जलस्रोत तथा उर्जा विकास मन्त्रालयले सम्भाव्यता अध्ययन तथा वर्गीकरणसमेत गर्न लागेको छ।

संविधानले दिएको व्यवस्था अनुसार प्रदेश सरकारले कर्णालीमा सम्भाव्यता अध्ययनको कामलाइ तिव्र गतिमा पुऱ्याउने लक्ष्य रहेको छ। सम्भाव्यता अध्ययनका लागि मन्त्रालयले रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छ। त्यस्तै ५ करोड रारा जलविद्युत् आयोजना, ११ करोड जगदुल्ला जलविद्युत् आयोजना, ताक्सुगाडका लागि १ करोड ५० लाख, तिला र जेवामा सम्भाव्यता अध्ययनका लागि रु १ करोड रुपैयाँ विनियोजन गरिएको छ।

कर्णाली क्षेत्रमा रहेका जलविद्युत् आयोजनाका लागि रु ७८ करोड ६० लाख रकम विनियोजन गरिएको मन्त्री सिंहले बताए। तत्काल विद्युत् आयोजना निर्माण गर्न नसकिने ठाउँमा नविकरणीय उर्जा कार्यक्रम मार्फत घरघरमा उज्यालो दिने अभियानमा मन्त्रालय जुटेको उनको भनाइ छ। ५ करोड रुपैयाँमा नविकरणीय उर्जा उपलब्ध गराउन लागिएको छ। त्यस्तै कर्णाली उज्यालो कार्यक्रम मार्फत पनि अन्य कामहरु हुन लागेको बताएको छ।

मुख्यमन्त्री कार्यालयमा हाजिर लगाएर बसेका वैकल्पिक उर्जाको टिमलाई जलस्रोत तथा उर्जा विकास मन्त्रालयमा कार्यकक्षको स्थापना गरी मन्त्रालयबाटै कामको निगरानी शुरु गरिएको छ। प्रदेशको सबैभन्दा कान्छो मन्त्रालयको रुपमा रहेको कर्णालीको विद्युतीकरणका लागि भविश्यको मार्ग कोर्न लागिएको सिंहले बताए। कर्णालीमा जलस्रोतको भण्डार रहेपनि केन्द्रीय राज्यसत्ताले खासै ध्यान नदिँदा विद्युत् उत्पादनको काम ढिला भएको सरोकारवालको बुझाइ रहेको छ।

भेरी नदीमा मात्र चारवटा ठुला जलविद्युत् आयोजनाहरुको सम्भाव्यता अध्ययन जारी रहेको छ। कामको जिम्मेवारी लिने तर समयमा कामको नतिजा नदिने हुँदा परिणाम नदेखिएको मन्त्रालयको बुझाइ रहेको छ। मन्त्रायले नलगाड जलविद्युत् आयोजना, बबई डाइभर्सन बहुउदेश्यीय परियोजना, भेरी नदीमा रहेको कामहरु, फुकोट कर्णाली र राकममा रहेका विद्युत् आयोजनाहरुको अध्ययन मसिनो गरी भैरहेको मन्त्री सिंहले जानकारी दिए।

# राष्ट्रपतिसमक्ष चार राजदूतको शपथ



**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष विभिन्न मुलुकका लागि नवनियुक्त राजदूतहरुले पदथ तथा गोपनीयताको शपथ लिएका छन्। राष्ट्रपति भवनमा बिहीबार आयोजित विशेष समारोहमा उनीहरुले शपथ लिएका हुन्। शपथ लिने राजदूतहरुमा डा. नरेशविक्रम ढकाल (कतार), विष्णुपुकार श्रेष्ठ (चीन), कैलाशराज पोखरेल (अष्ट्रेलिया) र कान्ता रिजाल (इजरायल) छन्। समारोहमा परराष्ट्रमन्त्री डा. नारायण खतिवडालगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारीको उपस्थिति थियो।

**राष्ट्रपतिसमक्ष प्रमाणपत्र पेश**

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि भारतका नवनियुक्त राजदूत नवीन श्रीवास्तवले आफ्नो ओहोदाको प्रमाणपत्र पेश गरेका छन्। राष्ट्रपति भवन शीतल निवासमा आयोजित सो अवसरमा परराष्ट्रमन्त्री डा. नारायण खड्कासहित नेपाल सरकारका उच्चपदस्थ अधिकारीको उपस्थिति रहेको थियो।

**प्रधानमन्त्रीसाग भारतीय राजदूतको भेटवार्ता**

प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपालका लागि भारतका नवनियुक्त राजदूत नवीन श्रीवास्तवले प्रधानमन्त्री निवास बालुवाटारमा शिष्टाचार भेटवार्ता गरेका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बिहीबार आफ्नो ओहोदाको प्रमाणपत्र पेश गरेपछि प्रधानमन्त्री देउवासँग राजदूत श्रीवास्तवले भेटवार्ता गरेका हुन्।

भेटमा राजदूत श्रीवास्तवले भारतीय राष्ट्रपति र प्रधानमन्त्रीले पठाएको शुभकामना सन्देश सुनाउँदै पछिल्लो समयमा प्रधानमन्त्री देउवाबाट भएको भारत भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट भएको नेपाल भ्रमणबाट दुई देशको द्विपक्षीय सम्बन्धमा नयाँ गति प्रदान गरेको उल्लेख गरे। साथै सो अवसरमा राजदूत श्रीवास्तवले दुई देशको मैत्री सम्बन्धलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए। काठमाडौंस्थित भारतीय राजदूतावासका अनुसार श्रीवास्तव नेपालका लागि २६औं राजदूत हुन्।

यसअघिका राजदूत विनयमोहन क्वात्रा भारतको विदेश सचिवमा बढुवा भएपछि श्रीवास्तव नेपालको राजदूतमा नियुक्त भएका हुन्।

# विद्युत् प्राधिकरण गौरद्वारा ५ करोड बढी बक्यौता रकम असुल



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ असार

रौतहट सदरमुकाम गौरमा रहेको नेपाल विद्युत प्राधिकरण गौर वितरण केन्द्रले कालोसूचीमा रहेका ग्राहकहरुबाट ५ करोड रुपैयाँ भन्दा बढी बक्यौता रकम असुल गरेको छ।

गौर शाखाले लामो समयसम्म महसुल भुक्तानी बाँकी राखेका कालोसूचीमा रहेका १ हजार ५ सय ८४ ग्राहकको लाइन काटेर ५ करोड २१ लाख ९७ हजार १ सय १५ रुपैयाँ बक्यौता रकम असुल गरेको गौर शाखाका प्रमुख इन्जिनियर विजय महतोले बताए।

लाइन काटिएकामध्ये १ हजार ४ सय ५ जनाले पुनः लाइन सुचारु गरी सो रकम असुल भएको उनले बताएका छन्। यसैगरी १५ असारसम्ममा विद्युत् चोरी गर्ने विभिन्न व्यक्ति तथा संस्थालाई कारबाही गर्दा गौर शाखाले ७५ लाख ४ सय ८ रुपैयाँ समेत असुल गरेको छ। बिजुलीको तारमा हुकिंग गरी विद्युत् चोर्नेविरुद्व प्राधिकरणले कारबाही गरेको महतोले बताए।

शाखाले प्रहरीको सहयोगमा विद्युत् चुहावट गर्ने २ सय ५० जनालाई पक्राउ गरी कारबाही समेत गरेको छ। मिटर भएपनि विद्युत् चोर्ने १७२ जनालाई कारबाही गरेको महतोले बताए। चुहावट गर्ने व्यक्तिहरुको साथबाट पानी तान्ने मोटर लगायतका विभिन्न विद्युतीय उपकरण लगायतका तारहरु बरामद गरेको उनले बताएका छन्। लाइन काटेर पुनः जडान वापतको सेवा शुल्कबाट ८ लाख ७० हजार २ सय ७३ रुपैयाँ संकलन भएको प्रमुख महतोले मध्यान्हलाई बताए।

# कृष्णनगरका शिक्षकलाई योग तालिम

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, १६ असार



कृष्णनगरका मा.वि. शिक्षकहरुलाई तीन दिने स्वास्थ्य जीवन तथा योग सम्बन्धि तालिम दिइएको छ। कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजना कृष्णनगर नगरपालिकाको समन्वयमा स्वास्थ्य जीवन तथा योग सम्बन्धि शिक्षकलाई तालिम दिइएको हो।

तालिमको उद्घाटन कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र अस्पताल विकास समिति अध्यक्ष बिष्णु प्रसाद भट्टराईले गरेका थिए।

कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा.प्रवेश श्रीवास्तवको अतिथ्यतामा भएको कार्यक्रममा वडाध्यक्ष कृष्ण कुमार गुप्ता, समाजसेवी भरत किशोर चौधरी लगायतको उपस्थित रहेको थियो।

तालिममा दिर्घकालिन नसर्ने रोग तथा रोगको व्यवस्थापन, स्वास्थ्य जीवनशैली, स्वास्थ्य आहार विहार र दिनचर्या, ऋतुचर्या, विद्यालय स्तरमा गरिने प्राथमिक उपचार, योग र योगको महत्व लगायत उपस्थित शिक्षकलाई विद्यालयमा गइ पाएको ज्ञान सीप विद्यार्थीहरूलाई सोको बारेमा ज्ञान सीप प्रदान गरी विद्यार्थीलाई आ-आफ्नो घर परिवार तथा समुदायमा समेत जानकारी गराउन आवश्यक सहकार्य गर्न अनुरोध गरिएको थियो।

उक्त तालिममा डा. प्रवेश श्रीवास्तव, डा. आशिष चौधरी, डा. मुकेश चौधरी, नागरिक आरोग्य सेवा केन्द्रका कविराज डा.नागेश्वर मिश्र, कपिलवस्तुका वरिष्ठ कविराज हरिलाल उपाध्याय लगायतले तालिममा विभिन्न विषयमा सहभागीलाई सहजिकरण गरेका थिए। समापन कार्यक्रमका प्रमुख अतिथि नगर उपप्रमुख आरती देवी चौधरी, वडाध्यक्ष कृष्ण कुमार गुप्ता, वडा सदस्य राहुल हलवाई लगायतको उपस्थितमा योगाभ्यास गराई प्रमुख अतिथि चौधरीद्वारा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी कार्यक्रम समापन गरिएको थियो।

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/१७**
यस कार्यालयमा मिति २०७६/०३/०५ मा दर्ता भएको **प्रा.लि.नं. २१७७४०** को **डाईनेस्टी फुड एक्सप्रेस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०१/१० मा दर्ता भएको **प्रा.लि. नं. ९२५९१** को **वायो ल्याव प्रा.लि.**को मिति २०७९/०३/१५ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**सम्पर्क नं. ९८४१४४९३३८, इमेलः** advsanjay200@gmail.com

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### आय ठेक्का बन्दोबस्तका लागि E–BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०३/१७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आ.व २०७९।०८० मा यस उर्लाबारी नगरपालिकाको आय संकलन गर्न निम्नानुसारको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि विद्युतिय बोलपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्रदाताहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिलः**

| सि.नं. | ठे.नं. | ठेक्काको प्रकार | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक रकम, वार्षिक (मू.अ. कर सहित) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर (रु.) | सूचना अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | रा/१३/०७८/०७९ | सडक पूर्वाधार सेवा शूल्क | पूर्व-पश्चिम राजमार्ग र सहायक राजमार्ग बाहेकका स्थानीय बाटाहरुमा | ३१,५०,०००।० (अक्षरेपी एकतिस लाख पचास हजार) | ९४५००।० (अक्षरेपी चौरानब्बे हजार पाँच सय) | ३०००।– | ३० दिन |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेतमा रोजगार** | कम्पनीः AL-HODGE FOR DELIVERY OF CONSUMER ORDERS.
शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२५८ LT. No.: 266263

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 220 | ९०,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bike Driver | 14 | 0 | | 150 | ६१,६०६ | | | | | | | |
| 3. | Light Driver | 7 | 0 | | 150 | ६१,६०६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २४ गते (8 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

**मलेसियामा रोजगार** | १. कम्पनी : ECONSAVE CASH & CARRY (KK) SDN BHD
शहर : Malaysia,Kota Baharu
पूर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८२२१५ L.T. No.: 265914

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rack Filler | 35 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : ECONSAVE CASH & CARRY (RC) SDN BHD शहर : Malaysia,Semenyih
पूर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८२२१४ L.T. No.: 265915

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rack Filler | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : BEST GLOBAL MANAGEMENT SDN BHD शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०३/०१ चलानी नं.: ६०१८१०४३ L.T. No.: 265091 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रसुवा ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११३०/०७३/०७४
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com,
Web.: www.rasuwaoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ असार २०७९, शुक्रबार
1 July 2022, Friday

## सम्पादकीय

# सबथोक सत्ता ?

बागमती प्रदेश सरकार बदल्ने खेल शुरू भएको छ । नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका सांसदहरूले सरकार बदल्न हस्ताक्षर संकलन अभियान शुरू गरेका हुन् । कांग्रेसका २२ र माओवादी केन्द्रका २३ सांसदले हस्ताक्षर गरेका छन् । यी सांसदहरूले कांग्रेस इन्द्र बानियाँलाई मुख्यमन्त्री बनाउनेगरी हस्ताक्षर संकलन गरेका हुन् । १०७ सदस्यीय बागमती प्रदेशमा सरकार बनाउन ५४ सदस्यीय आवश्यक पर्छ । अहिले नेकपा एकीकृत समाजवादीका राजेन्द्र पाण्डे मुख्यमन्त्री छन् । एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादीलाई कांग्रेस, माओवादी केन्द्रकै समर्थन छ । तर मुख्यमन्त्री पाण्डेलाई बदल्न कांग्रेस र माओवादी केन्द्रले हस्ताक्षर थालेका हुन् । कांग्रेस नेतृत्वमा सरकार बनाउन एकीकृत समाजवादीको समर्थन अनिवार्य हुन्छ । एकीकृत समाजवादीसँग १४ सांसद छन् ।

